दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal


केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

## प्रेश बिज्ञप्ती


कैलालीको गोदावरी नगरपालिका-३ चौकीडाँडा स्थित सडक छेउमा बस्दै आएका बादी समुदायको घर टहरा भत्काइएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।  नेपालको संविधानको धारा ४० को उपधारा (५) र (६) मा दलितहरुलाई जमिन र सुरक्षित आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको भएता पनि महेन्द्रराज मार्गको दुबैतर्फ निर्माण गरिएका पाँच सय बढी घर टहरा मिति २०८० बैशाख १८ गते (**१ मे अन्तराष्ट्रिय श्रमिक दिवश**) का दिन वन कार्यालयले भत्काएको घटनाले बादी समुदायको मौलिक अधिकार समेत हनन भएको छ ।

प्रहरी, वन कर्मचारी र स्थानीय वन उपभोक्ताहरूले गोदावरी नगरपालिका, जिल्ला प्रशासन कार्यालय र वन डिभिजन कार्यालय धनगढीको सहयोगमा बडीमालिका सामुदायिक वन र चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा निर्माण गरिएको घर टहरा भत्काएका हुन् । वन डिभिजन कार्यालय धनगढी र सव-डिभिजन कार्यालय अत्तरियाले दुईवटा डोजर प्रयोग गरेर आफ्नो घर टहरा भत्काएको पीडितहरुले बताएका छन् । आफूहरु बस्ने घर टहरानै भत्काइएपछि आफूहरूको बिचल्ली भएको पीडीतहरुको गुनासो छ । बादी समुदायसंग नेपाल सरकारले गरेको सम्झौता अनुसार आफूहरुको गास,बासको व्यवस्था गर्नुको साटो घर टहरा भत्काएर अन्याय गरेको पिडीतहरुको गुनासो छ ।

यस समस्याको सामाधानका लागि यस क्षेत्रमा सरोकार राख्ने निति निर्माता, राजनितिक दलहरु, सरकारी निकाय, नागरिक समाज, पत्रकार, मानवअधिकारकर्मीहरुलाई पहल गरि दिन हुन हार्दिक अपिल गर्न चाहन्छौ । जनताको मानव अधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्नु राज्यको दायित्व भएकोले यस समस्याको बिकल्प सहित सामाधान गर्नका लागि सरकारसंग जोडदार माग गर्दछौ । यदि समयमै यस समस्याको सामाधान गर्न नसकेको खण्डमा चरणबद्ध आन्दोलन गर्ने कुराको जानकारी यसै प्रेश बिज्ञप्तीका साथ जानकारी गराउन चाहन्छौ ।



मोहन ओड
**महासचिव**
राष्ट्रिय दलित नेटवर्क, नेपाल



राजुराम भुल
**सुदुरपश्चिम प्रदेश संयोजक**
दलित भूमि अधिकार युनियन

**मिति : २०८० बैशाख २० गते, धनगढी कैलाली**